वर्ष १

अङ्क १

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



• सम्पादक

**श्रवणकुमार प्रधान**

• सहसम्पादक

**प्रितम मैनाली / छिरिङ लेप्चा 'तुवाँलो'**

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

स्पर्श (गजल पत्रिका)

| | | |
|---|---|---|
| प्रधान सम्पादक | : | श्रवणकुमार प्रधान |
| सह सम्पादकगण | : | प्रितम मैनाली / छिरिङ लेप्चा 'तुवाँलो' |
| संस्करण | : | सन् २०२२ |
| सर्वाधिकार | : | सम्पादकाधीन |
| प्रकाशक | : | सोनाम डोल्मा भुटिया |
| अक्षर संयोजन एवम् मुद्रण | : | मिरभ प्रकाशन |
| आवरण | : | सौरभ मधुर राई |
| मूल्य | : | ₹ ९९/– |

*सम्पादकको अनुमतिबिना यस पत्रिकाको कुनै पनि अंशको हुबहु नक्कल, फोटोकपी, बिक्री, प्रकाशन आदि गर्न पाइने छैन।*

## *नियमावली*

- ☐ स्पर्शमा प्रकाशनार्थ पठाइएका रचनाहरू काँटछाँट अनि संशोधन गर्ने पूर्ण अधिकार सम्पादकसित रहनेछ। यसमा रचना प्रकाशित भइसकेपछि लेखकले कुनै प्रतिवाद गर्न पाउने छैनन्।
- ☐ यस पत्रिकामा प्रकाशनार्थ प्रेषण गरिएका रचनाहरू फिर्ता दिइने छैन। यसर्थ रचना प्रेषण गर्दा आफ्नो निम्ति प्रतिलिपि राखेर मात्र पठाउनहुन अनुरोध गरिन्छ।
- ☐ स्पर्शमा पूर्वप्रकाशित रचनाहरूलाई स्थान दिइने छैन। लेखकद्वारा प्रेषित रचनाहरू यदि अन्य कुनै पत्रिकाहरूमा पूर्व प्रकाशित छन् भने त्यसको दायित्व लेखकले लिनुपर्नेछ।

**SPARSHA**
A Ghazal magazine collected and edited by Shrawankumar Pradhan, 2022

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



# बालगजलको महत्त्व

## डा॰ दिपेन तामाङ

बालगजल भनेको के हो र कस्तो हुन्छ? भन्ने प्रश्न सर्वप्रथम पाठकका मनमा उठ्ने प्रश्नहरू हुन्। बाल साहित्यकै अवधारणामा अलमल बनेका अथवा बालकहरूको पनि गजल हुन्छ के? भन्ने हियाउरो कौतूहल लिएका पाठकमा यस प्रकारको प्रश्न उठ्न स्वाभाविक ठहर्दछ।

वास्तवमा बालगजल गजलकै संस्करणात्मक पदावलीका रूपमा प्रयोगमा छ। यो बालसाहित्यका काव्य विधाअन्तर्गत पर्ने एउटा सशक्त विधा हो। संरचना तथा प्रस्तुतिका आधारमा अरू विधाभन्दा फरक रहने गजल मुक्तकीय अथवा मितव्ययी हुन्छ। यसले छोटोछरितो बुनोटबाट धेरै कुरा भन्न सक्दछ। आनुप्रासिक शब्दावलीका प्रयोगबाट पाठकका हृदयमा रसात्मक अनुभूतिको सञ्चार गर्न सक्दछ। गजलको उही विशेषतागत रूप बालमनोभावनाअनुकूल भई प्रस्तुत भएमा त्यो बालगजल हुन्छ। बालगजलको मुख्य उद्देश्य पनि गजलद्वारा बालकहरूका हृदयलाई आनन्दित र प्रसन्न पारेर गजलप्रति मोह जगाउनु हो।

बाल र गजल शब्दका संयोजनबाट बालगजल शब्द बनिएको छ। बाल भन्नाले विशेष उमेरका बालकहरू बुझिए तापनि गजलको व्युत्पत्तिगत अर्थसित